रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np


# खुला निबन्ध प्रतियोगिता सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०७७।०५।२५

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायको च.न ५६,मिति २०७७।०५।२१ को पत्रानुसार **विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिवद्धता** भन्ने नाराका साथ राष्ट्रिय बाल दिवस २०७७ भाद्र २९ गतेको अवसरमा यस रिब्दीकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयद्धारा खुला निबन्ध प्रतियोगिता तपसिल अनुसार सञ्चालन गरिने भएकाले प्रतियोगितामा सहभागी हुन इच्छुक बालबालिकाहरुलाई (१८ वर्ष भन्दा कम उमेरका) जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(प्रेमचन्द्र अर्याल)
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

- **निबन्धको शिर्षक र शब्दः विपद्मा बाल अधिकार** भन्ने शिर्षकमा २५० शब्द नघट्ने गरी लेखिएको हुनुपर्नेछ ।
- **निबन्ध पठाउने माध्यम र समयः** बालबालिकाहरुको हस्तलिखित निबन्ध स्पष्ट बुझिने अक्षरमा स्क्यान गरी वा फोटो खिची यस कार्यालयको इमेल ठेगाना info@ribdikotmun.gov.npमार्फत मिति २०७७।०५।२८ गते पहिचान(नाम,थर,ठेगाना,उमेर,विद्यालयको नाम र सम्पर्क नं) खुलाई कार्यालय समय भित्र दर्ता हुनेगरी उपलब्ध गराउनु पर्नेछ ।
- **मूल्याङ्कनः** रित अनुसार म्याद भित्र प्राप्त निबन्धहरु गाउँ पालिकाले तोकेको विज्ञ टोलीद्धारा मूल्याङ्कन गराई मिति २०७७।०५।२९ गते बालदिवसको दिन यस कार्यालयको website www.ribdikotmun.gov.np वा Facebook मार्फत नतिजा प्रकाशन गरिनेछ ।
- **पुरस्कार रकमः** प्रथम पुरस्कार रकम रु ५०००, द्धितिय पुरस्कार रु ४०००,तृतिय पुरस्कार रकम रु ३००० र सान्त्वना पुरस्कार रु १००० रुपैया हुनेछ साथै पुरस्कार रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

पुनश्चः

- सहभागी बालबालिका गाउँपालिका भित्र रहेका विद्यालयमा अध्ययनरत हुनुपर्नेछ साथै विजेता सहभागीले सक्कलै हस्तलिखीत निबन्ध र जन्मदर्ताको फोटोकपी अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।